# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट ।

**आगामी आ.ब. २०७७।०७८ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्वन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०७७।०४।१५**

यस कार्यालयबाट आर्थिक बर्ष २०७७।०७८ को लागि स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ६२ को उपदफा २ (ग) बमोजिम निम्न अनुसारको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यस कार्यालयबाट बोलपत्र फाराम खरिद गरी पेश गर्नहुन बोलपत्र आह्वानको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | आय ठेक्काको नाम | न्युनतम कबोल अकं (मु. अ. क. बाहेक ) | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०७७/०७८ | पौराई ब्रह्म स्थान क्षेत्रभित्र पसुबध काटमार | १३,००,०००। | १,०००। | |
| २ | २/०७७/०७८ | जुडिबेला हाट बजार | ५०,०००। | १,०००। | |
| ३ | ३/०७७/०७८ | पौराई हाट बजार | २,५०,०००। | १,०००। | |
| ४ | ४/०७७/०७८ | गैडाटार हाट बजार | १०००००। | १,०००। | |
| ५ | ५/०७७/०७८ | चन्द्रनिगाहापुर हाट बजार | १९०००००। | १,०००। | |
| ६ | ६/०७७/०७८ | डुमरीया हाट बजार | १८०००००। | १,०००। | |
| ७ | ७/०७७/०७८ | बालचनपुर हाट बजार | ९८००० | १,०००। | |
| ८ | ८/०७७/०७८ | सन्तपुर हाट बजार | ७००००। | १,०००। | |
| ९ | ९/०७७/०७८ | चेतनगर हाट बजार | ३०००००। | १,०००। | |
| १० | १०/०७७/०७८ | बागमती नदी माछा ठेक्का | २०००००। | १,०००। | |
| ११ | ११/०७७/०७८ | बिज्ञापन कर | ९०००००। | १,०००। | |
| १२ | १२/०७७/०७८ | घुम्ति शौचालय | ४००००। | १,०००। | |
| १३ | १३/०७७/०७८ | एरीया लोडिङ कवाडीजन्य निकासी | ४०,००,०००। | ३,०००। | |
| १४ | १४/०७७/०७८ | पुर्वाधार उपयोग कर बागमती खोला | ३००००००। | ३,०००। | |
| १५ | १५/०७७/०७८ | पुर्वाधार उपयोग कर चादी खोला | ३००००००। | ३,०००। | |

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले क्र.सं. १ देखि १२ सम्मको हकमा टेण्डर फाराम भरी १५ (पन्ध्रौं) दिन मिति २०७६/०४/२९ गते र क्र.सं. १३ देखि १५ सम्मको हकमा टेण्डर फाराम भरी ३० (तीसौ ) दिन मिति २०७६/०५ /१२ गते कार्यालय समयभित्र निवेदन साथ नवीकरण भएको इजाजतपत्र , मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र , आ.व. २०७५।०७६ सम्मको कर चुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपि सहित राजस्व शाखाबाट बोलपत्र फाराम खरिद गरि सकेको हुनु पर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले टेण्डर फाराम भरी क्र.सं. १ देखि १२ सम्मको हकमा १६ (सोह्रौं) दिन मिति २०७७/०४/३० र र क्र.सं. १३ देखि १५ सम्मको हकमा ३१ (एकतीसौ ) दिन मिति

प्रमुख प्रशासकीय अधिकृत

२०७७/०५/१३ गते दिनको १२:०० बजे भित्र बोलपत्र फारम साथ नवीकरण भएको इजाजतपत्र , मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र , आ.व. २०७५।०७६ सम्मको कर चुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपि , बोलपत्र फाराम दस्तुर बुझाएको नगदी रसिद सहित राजस्व शाखामा बोलपत्र फाराम यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रनिगाहपुर, रौतहट प्रदेश नं.२, नेपाल

३. बोलपत्र दर्ता दाखिला गर्दा बोलपत्र जमानत (BID Security) धरौटी वापतको रकम स्वदेशी नागरिक भएमा बोल कवोल अंकको ५% र विदेशी नागरिक भए बोल कवोल अंकको १०% रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चन्द्रपुरमा रहेको धरौटी खाता नं. ग-३-०८१०३००००००००३००००१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत सहित शिलवन्दी टेण्डर फारामसँग संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश : सो को भोलिपल्ट बोलपत्र फाराम खरिद, दाखिला र खोल्ने कार्य हुनेछ ।

५. रीतपूर्बक दर्ता हुन आएका गोप्य शिलवन्दी टेण्डर फारामहरु क्र.सं. १ देखि १२ सम्मको हकमा १६ (सोहौं) दिन, मिति २०७७/०४/३० र क्र.सं. १३ देखि १५ सम्मको हकमा ३१ (एकतीसौ ) दिन मिति २०७७/०५/१३ गते दिनको २:०० बजे बोलपत्रदाता स्वयम वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयमा दर्ता भएका सिलबन्दी बोल पत्र खोल्न बाधा पर्ने छैन ।

६. शिलवन्दी दरभाउ पत्र फाराममा आफूले कवोल गरिएको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नुपर्नेछ ।

७. ठेक्का बन्दोबस्तको रकम २ किस्तामा बिभाजन गरि प्रथम किस्ता पुरै नगद रकम नेपाल बैंक लिमिटेड चन्द्रपुरमा रहेको संचित कोष खाता नम्बर ग-४-१-०८१०३००००००००४००१००१ मा जम्मा गरिएको सक्कलै बैंक भौचर र बाकि १ किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क" बर्गको बाणिज्य बैंकको बैंक जमानत (Performance Security Bond) पेश गरी सम्झौताको लागि उपस्थित हुनुपर्नेछ | ठेक्का बन्दोबस्त बापतको रकम स्वीकृत बोलपत्र दाताले सम्झौता गर्दाको बखत एक मुष्ठ बुझाएमा बोलकबोल अंकको १०% छुट दिन सकिनेछ ।

८. बन्द हडताल लगायत स्थानीयबासीहरुले ठेक्का चलन गर्न नदिएको वा अबरोध गरेको वा अन्य ब्यबधानहरु समेतको ब्यबस्थान गर्ने जिम्मेवारी बोलपत्रदाता स्वंमको हुनेछ। त्यस बापत यस कार्यालयमा कुनै पनि क्षति पूर्ति तथा मिनाहा दाबी गर्न पाइने छैन ।

९. सकार गरेको बोल कबोल अंकको १३% प्रतिशत मु.अ.कर समेत लाग्नेछ सो रकम ठेकेदार स्वंले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

१०.हाट बजारमा बिक्री गर्न ल्याउने व्यवसायीहरुबाट नियमानुसार तोकिएको दररेटमा कर संकलन गर्नुपर्नेछ ।

११. हाट बजारको फोहर मैला ब्यबस्थापन स्वम बोलपत्र दाताले गर्नु पर्नेछ।

१२.ठेक्काको अवधि सम्झौता गरेको मिति देखि २०७७ आसाढ मसान्तसम्म मात्र हुनेछ ।

१३.बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन ।

१४.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

१५.यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१६.यस सम्वन्धी बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत